# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ५८ २०८२ माघ-फागुन अङ्क ३

## अनुसन्धान केन्द्र सुधार्ने शिक्षाध्यक्षको अठोट

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले त्रिविको अनुसन्धान तथा अनुगमन निर्देशनालयका साथै चारवटै अनुसन्धान केन्द्रलाई वैचारिक तथा पेशागत संघ-संगठनका पदाधिकारीले हाजीर गर्ने निकाय बनाएका विद्यमान परिस्थितिको अन्त्य गर्ने र अब्बल अनुसन्धान संस्थाको रूपमा पुनर्स्थापित गर्ने अठोट व्यक्त गर्नुभएको छ । माघ २ गते त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)को ४९ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले यो प्रतिबद्धता जनाउनु भएको हो ।

सेरिड त्रिविका अनुसन्धान केन्द्रहरूमध्ये सबैभन्दा बढी क्रियाशील केन्द्र भएको स्पष्ट गर्दै उहाँले भन्नुभयो, "त्रिविका अनुसन्धान केन्द्र विघटन गर्नुपर्छ भन्ने पक्षमा म कहिल्यै थिइन । तर अनुसन्धान केन्द्रहरूले आफूलाई जागीर खाने थलो र गैरसरकारी संस्थाका एजेण्डामा काम गर्ने कन्सलटेन्सी नबनाई राष्ट्रिय थिङ्कट्याङ्को रूपमा परिष्कृत र परिमार्जन गर्नुपर्छ । केन्द्रमा कार्यरत शिक्षकहरू अनुसन्धानमा संलग्न हुनैपर्छ ।




*शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) को वार्षिकोत्सव समारोहमा शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी. र अन्य अतिथिहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

हाम्रा चारैवटा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकलाई मेरो अनुरोध छ– अनुसन्धान कार्यमा संलग्न नहुने र कुनै योगदान नगर्ने शिक्षकहरूको नाम लेखेर पठाउनुहोस् हामी तुरुन्तै सरूवा गर्छौं ।"

वार्षिकोत्सव समारोहमा सेरिडका कार्यकारी निर्देशक डा. राजेन्द्र कुँवरले अनुभवी र विद्वान प्राध्यापकहरूको अभिभावकत्व, निर्देशन तथा मार्गदर्शनबाट नै सेरिडले आफूलाई व्यवस्थित एवम् क्रियाशील बनाएको बताउँदै केन्द्रले त्रिभुवन विश्वविद्यालय एवम् शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट समेत् अनुसन्धान कार्यमा प्रोत्साहन भइरहेको जानकारी दिनुभयो । केन्द्रमा कार्यरत डा. देवराज आचार्यले सेरिडका अनुसन्धानात्मक गतिविधिमाथि प्रकाश पार्दै भन्नुभयो, "केन्द्रको रणनीतिक योजना निर्माण गर्न थालिएको छ । विभिन्न ६ वटा अनुसन्धानात्मक परियोजना संचालनमा छन् । स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई थेसिसलेखनमा अनुदान दिन शुरू गरिएको छ ।"

कार्यक्रममा त्रिवि अनुसन्धान निर्देशनालयका निर्देशक प्रा.डा. ईश्वर कोइराला, नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास)का कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्की, आर्थिक प्रशासन तथा अनुसन्धान केन्द्र (सेडा)का कार्यकारी निर्देशक प्रा.डा. अर्जुनकुमार बराल, व्यावहारिक विज्ञान तथा अनुसन्धान केन्द्र (रिकास्ट) का कार्यकारी निर्देशक प्रा.डा. मीना राजभण्डारी, शिक्षा विकास तथा अनुसन्धान केन्द्रका पूर्वप्राध्यापक रूक्मिणी बज्राचार्यले शुभकामना व्यक्त गर्नुभएको थियो ।

समारोहमा केन्द्रमा उत्कृष्ट कार्यगर्ने उपप्राध्यापक इन्द्रेश ठाकुर र कर्मचारीहरू उरेश नेपाली, धनमाया श्रेष्ठ तथा समिता महर्जनलाई सम्मान गरिएको थियो ।

# विद्यालयमा बगैंचा निर्माणको उपलब्धि

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरले राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र अन्तरगतको अनुसन्धान परियोजना 'नेपालका सामुदायिक विद्यालयमा दिगो शिक्षाका लागि विद्यालय बगैंचा मार्फत् उद्यमशिलता'का नतिजाबारे जानकारी दिनुका साथै उपलब्धिको समीक्षा गरेको छ । माघ ८ मा आयोजित समीक्षा कार्यक्रममा परियोजनाका मुख्य



*विद्यालयमा बगैंचा अनुसन्धान परियोजनाका उपलब्धिबारे जानकारी दिंदै मुख्य अनुसन्धानकर्ता डा. कमल प्रसाद आचार्य ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

अनुसन्धानकर्ता शिक्षाशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक डा. कमल प्रसाद आचार्य र सह अनुसन्धानकर्ता उपप्राध्यापक डा. कल्पना ज्ञवाली तथा डा. इन्द्रराज उपाध्याय हुनुहुन्छ ।

परियोजनाका उपलब्धिबारे जानकारी दिँदै मुख्य अनुसन्धानकर्ता डा. आचार्यले भन्नुभयो, "प्रस्तुत अनुसन्धान काठमाडौं, चितवन र रसुवाका तीनवटा सामुदायिक विद्यालयलाई केन्द्रविन्दु बनाएर गरिएको हो । अनुसन्धानका क्रममा विद्यालय हातामा निर्माण गरिएका बगैंचामा विद्यार्थीहरूकै संलग्नतामा फलफूल, तरकारी रोपेर हरियालीकरण र उद्यमशिलता प्रबर्द्धन गरिएको छ । यसबाट विद्यार्थीहरूमा व्यावहारिक ज्ञान र सीप हस्तान्तरण भएको छ । उद्यमशिलता विकासका लागि क्लबहरू गठन भएका छन् । शिक्षकहरूमार्फत् विद्यार्थी परिचालन गरेर शिक्षण सिकाइमा रूपान्तरण गरिएको छ । विद्यार्थीमा सामाजिक र भावनात्मक विकास भएको छ । विद्यार्थी सिकाइमैत्री पाठ्यक्रम निर्माणमा टेवा पुगेको छ । दिगो र वातावरणमैत्री सिकाइ प्राप्त भएको छ । 'प्रकृति आफैंमा कक्षाकोठा' (Nature as a Classroom) को अवधारणा विकास भएको छ ।"

विद्यालयहरूमा गरिने बगैंचा निर्माणमा शिक्षक, अभिभावक, स्थानीय समुदाय र सरकारले सहभागिता जनाएका छन् । अनुसन्धानले सरकारदेखि सरोकारवालासम्म सबैलाई बगैंचाको माध्यमबाट विद्यालयमा उद्यमशिलता विकास गरेर 'सिक्दै कमाउँदै' भन्ने अवधारणालाई सार्थक बनाउन सकिने सन्देश दिएको डा. आचार्यको भनाइ थियो । परियोजना टीमले तीनवटा अनुसन्धान लेख प्रकाशित गर्नुका साथै स्नातकोत्तर तहमा अध्ययनरत तीनजना विद्यार्थीलाई थेसिसलेखनमा सहयोग गरेको छ ।

कार्यक्रममा शिक्षाशास्त्र संकायका डीन प्रा.डा. वेदराज आचार्य, अनुसन्धान निर्देशनालयका निर्देशक प्रा.डा. ईश्वर कोइराला, राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा भइरहेका अनुसन्धान परियोजना समितिका सदस्य प्रा.डा. नरेन्द्रराज खनाल, शिक्षाशास्त्र संकायका पूर्वडीन प्रा.डा. चित्रबहादुर बुढाथोकी एवम् वरिष्ठ प्राध्यापक वासुदेव काफ्ले र शिक्षाशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. शम्भु प्रसाद खतिवडाले अनुसन्धानलाई नीतिगत तहमा कार्यान्वयमा लैजान महत्वपूर्ण सुझाव दिनुका साथै पृष्ठपोषण गर्नुभएको थियो ।

# बागमती र गण्डकीका क्याम्पस नेतृत्वको कार्यशाला

त्रिभुवन विश्वविद्यालय समन्वय महाशाखाले वागमती र गण्डकी प्रदेशका आंगिक क्याम्पसका क्याम्पसप्रमुख, प्रशासन प्रमुख र लेखाप्रमुखहरूको कार्यशाला गोष्ठी आयोजना गरेको छ ।

माघ ११-१३ मा आयोजित त्रिविको प्राज्ञिक तथा व्यवस्थापन नेतृत्व विकाससम्बन्धी गोष्ठीको उद्घाटन गर्दै त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्यालले भन्नुभयो, "विश्वविद्यालयका विविध पक्षबारे अवगत गराइने यस कार्यशालाले आंगिक क्याम्पस जस्ता मुख्य शैक्षिक निकायको नेतृत्व गर्ने पदाधिकारीलाई विश्वविद्यालयमा उत्पन्न हुने शैक्षिक एवम् प्रशासनिक चुनौती समाधान गर्न सघाउ पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।"

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले क्याम्पस नेतृत्वलाई पुनर्ताजगी गराएर प्रशासनिक र आर्थिक क्षेत्रमा विद्यमान समस्या निरूपण गर्न लामो समयदेखि कार्यशाला आयोजना गर्ने योजना बनाएको उल्लेख गर्दै भन्नुभयो, "विशेष गरी वागमती र मधेश प्रदेशका आंगिक क्याम्पसहरूको भौतिक पूर्वाधारको अवस्था अत्यन्तै कमजोर छ । यसमा गण्डकी प्रदेशका आंगिक क्याम्पस र डोटी क्याम्पसको पूर्वाधार विकास र संरक्षणबाट प्रेरणा लिन सकिन्छ । त्रिविमा योग्यताप्रणालीको सकारात्मक प्रभाव देखिएको छ र हामी यो प्रणालीलाई अझ व्यवस्थित गरी विश्वविद्यालय निर्माणमा योग्य, दक्ष र प्रभावकारी नेतृत्वलाई अवसर उपलब्ध गराउँदै आस्थाका आधारमा विभाजित हुने परम्परा अन्त्य गर्ने कोशिस गरिरहेका छौं ।"

त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले मानवस्रोत व्यवस्थापनको संकट असार मसान्तसम्ममा अन्त्य गर्ने, प्रशासनिक कार्यप्रणालीमा एकरूपता ल्याउने, स्रोतसाधनको समुचित

प्रयोग र कार्यान्वयन गरी देशकै गरिमाको रूपमा स्थापित त्रिभुवन विश्वविद्यालयको वर्तमान अवस्थामा थप सुधार गर्ने बताउनु भयो । उहाँको भनाइ थियो, "परीक्षा प्रणाली व्यवस्थित भइरहेको छ र शैक्षिक क्यालेण्डर कार्यान्वयनमा आएको छ । पार्दै भन्नुभयो, "त्रिभुवन विश्वविद्यालयको रणनीतिक योजना कार्यान्वयन, उच्चशिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक क्यालेण्डर कार्यान्वयन, सार्वजनिक खरिद तथा अनुगमनको प्रभावकारी व्यवस्थापन, आर्थिक स्रोतको पहिचान र परिचालन, आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, नेपाल सरकारका सहसचिव सुवास शिवाकोटी, डोटी क्याम्पसका क्याम्पस प्रमुख दिलानन्द जोशी, प्रा.डा. कृष्णचन्द्र शर्मा, त्रिवि आर्थिक प्रशासन महाशाखा प्रमुख राजेशसिंह देवकोटा,



*त्रिविको वागमती र गण्डकीका आंगिक क्याम्पस नेतृत्वका लागि आयोजित कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. दिपक अर्याल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

क्याम्पस प्रमुख र क्याम्पसको प्रशासनिक तथा आर्थिक नेतृत्वलाई सौहार्दपूर्ण अवस्थामा क्याम्पस सञ्चालन गर्नसक्ने वातावरण छ । सामुहिक भावना विकास गर्न र कामकारवाहीमा एकरूपता ल्याउन यस प्रकारको कार्यशाला प्रभावकारी हुनेछ ।"

त्रिवि समन्वय महाशाखाका प्रमुख दिपक तिवारीले १०४ जना सहभागी कार्यशाला गोष्ठीको उद्देश्यबारे प्रकाश कार्यालयको व्यवहार र वातावरण, आर्थिक अनुशासन र व्यवस्थापन, आर्थिक योजना र बजेटका साथै लेखापरीक्षणका बारेमा विज्ञहरूसँग अन्तरक्रिया गर्नु यो कार्यशालाको उद्देश्य हो ।"

कार्यशालामा शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी, रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल, सेवा आयोगका पूर्वअध्यक्ष तथा त्रिवि कार्यकारी परिषद्का सदस्य प्रा.डा. लालू प्रसाद पौडेल, राष्ट्रिय योजना लेखा परीक्षण महाशाखा प्रमुख पुष्प नारायण श्रेष्ठ र नेपाल सरकारका पूर्वसचिव महेश काफ्ले स्रोतव्यक्ति हुनुहुन्थ्यो ।

कार्यशालाकै क्रममा शिवपुरीस्थित नेपाली सेनाद्वारा सञ्चालित सैनिक कमाण्ड तथा स्टाफ कलेज भ्रमण गरेका सहभागीलाई उच्चपदस्थ सैनिक अधिकारीहरूले नेतृत्व विकासबारे आफ्ना अनुभव सुनाएका थिए ।

# मधेश र कोशीका क्याम्पस नेतृत्वको कार्यशाला

त्रिभुवन विश्वविद्यालय समन्वय महाशाखाको आयोजना तथा डिग्री क्याम्पस विराटनगरको व्यवस्थापनमा मधेस प्रदेश र कोशी प्रदेशका त्रिविका आंगिक क्याम्पस तथा अन्य निकायका क्याम्पस प्रमुख, प्रशासन प्रमुख र लेखाप्रमुख सम्मिलित कार्यशाला गोष्ठीको तेस्रो तथा अन्तिम चरण सम्पन्न भएको छ ।

खड्ग केसीले विश्वविद्यालयका आङ्गिक क्याम्पस र निकायहरूलाई पारदर्शी, जवाफदेही र जिम्मेवार भई उच्चशिक्षाको गुणस्तरमा केन्द्रित हुन निर्देशन दिनुभयो । जनताको करबाट सञ्चालित विश्वविद्यालयमा अब राजनीतिक पूर्वाग्रह मान्य नहुने र सबै निकायमा योग्यता प्रणालीको कार्यान्वयन गराएरै छाड्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो, क्षेत्रका परीक्षा केन्द्रमा गृहप्रशासनको समेत् सहयोगमा परीक्षा व्यवस्थापनलाई अनुशासित र मर्यादित बनाइनेछ ।"

कार्यशालाका सहभागीलाई उहाँले आपसी परामर्श र सहकार्यमा शैक्षिक एवम् प्रशासनिक क्रियाकलाप व्यवस्थित गर्न, भौतिक पूर्वाधारको संरक्षण र समुचित उपयोग गर्न तथा आ–आफ्नो निकायको विकासका लागि स्रोत परिचालन एवम्




*विराटनगरमा आयोजित  क्याम्पस नेतृत्वको कार्यशाला गोष्ठीमा प्रमुख अतिथि शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी लगायत् अन्य अतिथिहरू ।*
*तस्वीर : सूचना तथा जनसम्पर्क महाशाखा*

माघ २४ देखि २६ सम्म विराटनगरमा सञ्चालित कार्यशालामा दुवै प्रदेशका १९ क्याम्पस तथा निकायका ५७ जनाको सहभागिता थियो । कार्यशालाको उद्घाटन गर्दै त्रिवि शिक्षाध्यक्ष प्रा.डा. "त्रिविमा प्राज्ञिक नेतृत्वको विकास र अनुसन्धानलाई उच्च प्राथमिकता दिइनेछ । संघ-संगठनका आडमा हुने गैरप्राज्ञिक अभ्यासलाई निरूत्साहित गरिनेछ । मधेश प्रदेशलगायत्का कतिपय व्यवस्थापनमा जोड् दिएर संस्थागत छवि उच्च बनाउन अनुरोध पनि गर्नुभयो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेलले

भन्नुभयो, "सकारात्मक चिन्तन, त्याग र समर्पणभाव, अनुशासन र कर्तव्यबोध भएको नेतृत्वबाट मात्रै सार्वजनिक निकायले अपेक्षित परिणाम हासील गर्न सक्छन् । संस्थालाई उद्देश्यमूलक र उपलब्धिमूलक बनाउन नेतृत्वक्षमता निर्णायक हुन्छ । कार्यशालाले सबल र सक्षम प्राज्ञिक एवम् प्रशासनिक नेतृत्वको विकासमा योगदान गर्ने विश्वास लिएको छ ।"

कार्यशालाका स्रोतव्यक्ति त्रिवि सेवा आयोगका पूर्वअध्यक्ष तथा त्रिवि कार्यकारी परिषदका सदस्य प्रा.डा. लालु प्रसाद पौडेलले देशको उच्चशिक्षाको धरोहरका रूपमा रहेका विश्वविद्यालयका आंगिक क्याम्पसहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, तिनलाई प्रतिस्पर्धी र समयानुकुल बनाउन, मौजुदा कठिनाइलाई सम्बोधन गर्न र प्रशासनिक तथा शैक्षिक गतिविधिको स्तरोन्नति गर्न कार्यशालाले महत्वपूर्ण सहयोग गर्ने बताउनु भयो । स्रोत परिचालन र व्यवस्थापनमा अनुकरणीय नेतृत्व गर्नुभएका डोटी क्याम्पसका क्याम्पस प्रमुख तथा कार्यशालाका स्रोतव्यक्ति दिलानन्द जोशीले संस्थागत भावना, निरन्तरता र अपनत्व लिई काम गरेमा सफल हुनसकिने बताउनु भयो । उहाँले डोटी क्याम्पस विभिन्न तहका सरकारहरूसँगको सहकार्यमा करीब १५ करोड रूपैयाँको भौतिक संरचना निर्माण गर्न सफल भएको अनुभव सुनाउनु भयो ।

विराटनगर कार्यशालाको उदघाटन सत्रका सभापति एवम् डिग्री क्याम्पसका क्याम्पस प्रमुख ढक बहादुर मगरले विश्वविद्यालयले कार्यशाला व्यवस्थापनको जिम्मेवारीलाई सकारात्मक रूपमा निर्वाह गर्ने बताउनु भयो । गोष्ठी आयोजक त्रिवि समन्वय महाशाखाका प्रमुख दिपक तिवारीले कार्यशालामा त्रिभुवन विश्वविद्यालयको रणनीतिक योजना कार्यान्वयन, उच्चशिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक क्यालेण्डरको कार्यान्वयन, सार्वजनिक खरिद तथा अनुगमनको प्रभावकारी व्यवस्थापन, आर्थिक स्रोतको पहिचान र परिचालन, कार्यालयीय व्यवहार र वातावरण, आर्थिक अनुशासन र व्यवस्थापन, आर्थिक योजना र बजेट तथा लेखापरीक्षणबारे विज्ञहरूले अन्तरक्रिया गरेको जानकारी दिनुभयो ।

समापन सत्रमा त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्याल समेत् सहभागी हुनुभएको कार्यशालामा शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी, रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल, सेवा आयोगका पूर्वअध्यक्ष तथा त्रिवि कार्यकारी परिषद्का सदस्य प्रा.डा. लालू प्रसाद पौडेल, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, नेपाल सरकारका सहसचिव सुवास शिवाकोटी, डोटी क्याम्पसका क्याम्पस प्रमुख दिलानन्द जोशी, प्रा.डा. कृष्णचन्द्र शर्मा, त्रिवि आर्थिक प्रशासन महाशाखा प्रमुख राजेशसिंह देवकोटा, लेखा परीक्षण महाशाखा प्रमुख पुष्प नारायण श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

# प्रा. घनश्याम उपाध्याय कँडेल विद्याभूषण पदक स्थापना

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागबाट अवकाशप्राप्त प्राध्यापक घनश्याम उपाध्याय कँडेलको नाममा उहाँकी धर्मपत्नी सुभद्रा कँडेलले 'प्रा. घनश्याम उपाध्याय कँडेल विद्याभूषण कोष' निर्माण गरी रू. १०,०१,००० (दशलाख एकहजार रूपैयाँ)को कोष हस्तान्तरण गर्नुभएको छ । उक्त कोषबाट स्नातकोत्तर तहमा नेपाली विषयमा सर्वोत्कृष्ट जिपिए प्राप्त गर्ने एक छात्र वा छात्रालाई प्रा. घनश्याम उपाध्याय कँडेल विद्याभूषण पदक तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

माघ १५ गते विद्याभूषण कोषका सम्बन्धमा आयोजित कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका तर्फबाट रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल र प्रा. घनश्याम उपाध्याय कँडेलको समुपस्थितिमा उहाँकी धर्मपत्नी सुभद्रा कँडेलले दानदातव्य कोषमा योगदान तथा कोष परिचालन सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो । सम्झौताको साक्षी त्रिवि योजना निर्देशनालयका निर्देशक डा. लक्ष्मीकान्त शर्मा र रत्नराज्य लक्ष्मी क्याम्पसका सहप्राध्यापक डा. यज्ञेश्वर निरौला हुनुहुन्छ ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा त्रिवि रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले स्थापित कोषको अधिकतम सदुपयोग गर्ने आश्वासन दिँदै भन्नुभयो, "कँडेल परिवारले विश्वविद्यालयप्रति देखाएको विश्वास र स्नेहप्रति कृतज्ञता



*प्रा. घनश्याम उपाध्याय कँडेल विद्याभूषण पदक स्थापना कार्यक्रमका प्रमुख अतिथि त्रिवि रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल लगायत् अन्य अतिथिहरू।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

व्यक्त गर्दछु । प्राध्यापक घनश्याम उपाध्याय कँडेलको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।"

त्रिवि आर्थिक प्रशासन महाशाखाका प्रमुख राजेशसिंह देवकोटाले कोषको रकम त्रिभुवन विश्वविद्यालय दानदातव्य कोष सञ्चालनसम्बन्धी विनियम २०७९ अनुसार परिचालन र व्यवस्थापन गरिने जानकारी दिनुभयो ।

# प्राकृतिक विज्ञान संग्रहालयलाई चराहरूको तैल्यचित्र उपहार

वरिष्ठ चित्रकार एवम् चराविज्ञ कवि हेम पौड्यालको दोस्रो पुण्यतिथिका अवसरमा माघ १८ गते उहाँले चराहरूको जीवन र गतिविधि उजागर गरेर रचना गर्नुभएको २० वटा तैल्यचित्र त्रिभुवन विश्वविद्यालय प्राकृतिक विज्ञान संग्रहालय स्वयम्भूलाई हस्तान्तरण गरिएको छ ।

लामो समयदेखि पन्छीहरूका विषयमा खोज र अनुसन्धान गरेका तथा तिनीहरूको चित्र रचनामा अमूल्य योगदान गरेका दिवंगत चित्रकार हेम पौड्यालकी धर्मपत्नी गंगा कर्माचार्य पौड्यालले ती चित्र हस्तान्तरण गर्नुका साथै संग्रहालयमा पन्छी अनुसन्धान तथा संरक्षणका लागि पुरस्कार प्रदान गर्न रू, ५,००,००० (पाँच लाख रूपैयाँ)को 'हेमगंगा पन्छी अनुसन्धान तथा संरक्षण सम्मान अक्षयकोष' स्थापना गर्नुभएको छ । चराहरूको अध्ययन, अनुसन्धान र संरक्षणमा महत्वपूर्ण योगदान दिनेहरूलाई प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको उक्त पुरस्कारबाट यस वर्ष वरिष्ठ पन्छी तथा संरक्षणविद् डा. हेमसागर बराल सम्मानित हुनुभएको छ ।

प्राकृतिक विज्ञान संग्रहालयका प्रमुख डा. इशान गौतमको सभापतित्वमा आयोजित चित्र हस्तान्तरण तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. शंकर प्रसाद खनालले हेमगंगा पन्छी अनुसन्धान तथा संर

क्षण सम्मानका लागि अक्षयकोष निर्माण गर्नुभएकोमा गंगा कर्माचार्य पौड्याललाई विशेष धन्यवाद दिँदै वरिष्ठ साहित्यकार प्रा.डा. रामप्रसाद ज्ञवाली, वरिष्ठ पन्छी तथा वन्यजन्तु संरक्षणविद् डा. हेमसागर बराल, गर्नुभएको अतुलनीय योगदानको चर्चा गर्नुभयो ।

कार्यक्रममा विज्ञान तथा प्रविधि



*प्राकृतिक विज्ञान संग्रहालयलाई उपहारप्राप्त तैल्यचित्र ग्रहण गर्दै विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. शंकर प्रसाद खनाल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

विभिन्न विधामा उहाँले जस्तै योगदान गर्न विशिष्ट व्यक्तित्वहरूलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति के.के. कर्माचार्य, कपन बानेश्वर साहित्य साप्ताहिकका सम्पादक निबन्ध आचार्य, हेम पौड्यालकी धर्मपत्नी गंगा कर्माचार्य पौड्यालले वरिष्ठ चित्रकार एवम् चराविज्ञ कवि हेमराज पौड्यालले अध्ययन संस्थानका सहायक डीन डा. कोमलराज रिजाल लगायत् वरिष्ठ कवि, चित्रकार, वनस्पतिविद् एवम् संरक्षणविद्हरूको उल्लेखनीय उपस्थिति थियो ।

## अनुरोध

त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन त्रिविका डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# अन्तरराष्ट्रिय विद्यार्थी आकर्षण गर्दै त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रले विश्वविद्यालयमा विदेशी विद्यार्थी आकर्षित गर्ने उद्देश्यले 'त्रिविमा एक प्रतिशत अन्तरराष्ट्रिय विद्यार्थी' शीर्षकमा नीतिगत छलफल कार्यक्रम आयोजना गरेको छ ।

माघ २२ मा आयोजित छलफलले त्रिविको भौतिक पूर्वाधारमा सुधार गर्नुका साथै क्रेडिट ट्रान्सफरसम्बन्धी व्यवस्था कार्यान्वयन, अन्तरराष्ट्रिय सम्पर्क विस्तार, अन्तरराष्ट्रिय छात्रावास र चमेनागृहको व्यवस्था, चुस्त र प्रभावकारी सूचना प्रणाली व्यवस्थापन र विद्यार्थी सहयोग प्रणाली (Student Support System) निर्माण गर्ने गरी अन्तरराष्ट्रिय विद्यार्थीसम्बन्धी नीति निर्माण गर्नुपर्ने निश्कर्ष निकालेको छ ।

कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्यालले उपयुक्त मौसम भएकोले नेपालमा अध्ययन गर्न विदेशी विश्वविद्यालललाई अन्तरराष्ट्रियकरण गर्न विदेशी विद्यार्थीहरूलाई आकर्षण गर्न लागिएको स्पष्ट गर्नुभयो । उहाँको भनाइ थियो, "यसका लागि विश्वविद्यालयको भौतिक पूर्वाधार, देशको सुरक्षा र भूराजनीतिक जटिलताका महत्वपूर्ण पक्षमा ध्यान दिएर डीन कार्यालयहरूलाई संलग्न गराई विदेशी विद्यार्थीहरू भर्ना गर्नुपर्नेछ ।"

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग



*विश्वविद्यालयमा अन्तरराष्ट्रिय विद्यार्थी आकर्षित गर्ने विषयमा आयोजित छलफल कार्यक्रममा त्रिविका पदाधिकारीलगायत अन्य सहभागीहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

पाठ्यक्रम सुधार र परिमार्जन, शैक्षिक क्यालेण्डर कार्यान्वयन, शिक्षक-कर्मचारीको क्षमता विकास, झन्झटमुक्त भर्ना प्रक्रिया, कक्षा सञ्चालनको वातावरण निर्माण, विद्यार्थीले रूचि देखाएका र विश्वका धेरै देशमा नेपालको सकारात्मक एवम् सुमधुर छवि निर्माण भएकोले देशको पहिचानलाई बढावा दिन तथा त्रिभुवन केसीले अन्तरराष्ट्रिय विद्यार्थी लिन गर्नुपर्ने तयारीबारे प्रकाश पार्दै विदेशी विद्यार्थीहरूका लागि विश्वविद्यालय र क्याम्पसहरूमा उपयुक्त भौतिक

पूर्वाधारका साथै सुरक्षाको अनुभूति हुनुपर्ने, देशको राष्ट्रिय सुरक्षा र भूराजनीतिक परिस्थितिको आकलन गर्नुपर्ने, समग्र देश र समाजको छवि (Image) भरपर्दो र विश्वासिलो बनाउनु पर्ने एवम् हाल विद्यमान विश्वविद्यालयको सन्त्रासपूर्ण शैक्षिक वातावरण तथा प्रक्रियामुखी प्रशासनिक संयन्त्र व्यवस्थित गर्नुपर्नेमा जोड् दिनुभयो । यी पक्षमा ध्यान दिँदै अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रलाई भिसाको अधिकार दिएर सबै निकायहरूको सहकार्यमा सचेततापूर्वक नीतिगत तयारी गरी अन्तरराष्ट्रिय विद्यार्थी लिनसकिने उहाँको निश्कर्ष थियो ।

त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले अन्तरराष्ट्रिय विद्यार्थीको आगमनसँगै त्यसले देशको समग्र अर्थतन्त्रमा समेत् सकारात्मक योगदान दिने, नेपाली विद्यार्थीहरूको अन्तरक्रियात्मक क्षमता बढाउने र विभिन्न मुलुकका शैक्षिक, साँस्कृतिक पक्षहरूको आदान-प्रदानबाट शैक्षिक गुणस्तरमा सुधार आउने विश्वास व्यक्त गर्नुभयो ।

छलफलमा कृषि र पशुविज्ञान अध्ययन संस्थानका डीन डा. किशोरचन्द्र दाहाल, इञ्जिनियरिङ अध्ययन संस्थानका डीन प्रा.डा. शुसिल बहादुर बज्राचार्य, वनविज्ञान अध्ययन संस्थानका डीन डा. ठाकुर सिलवाल, चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. मोहनराज शर्मा, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. शंकरप्रसाद खनाल, शिक्षाशास्त्र संकायका डीन प्रा.डा. वेदराज आचार्य, मानविकी तथा सामाजिकशास्त्र संकायका निमित्त डिन डा. बामदेव अधिकारी, कानून संकायका डीन प्रा.डा. दिनानाथ पराजुली र व्यवस्थापन संकायका डीन प्रा.डा. महानन्द चालिसेले आ-आफ्नो अध्ययन संस्थान तथा संकायका शैक्षिक कार्यक्रम, विद्यार्थी संख्या, आर्थिक तथा प्रशासनिक अवस्था, अन्तरराष्ट्रिय विद्यार्थी आकर्षित गर्ने विषय र तिनका सम्भावना एवम् अन्तरराष्ट्रिय विद्यार्थी बढाउने रणनीतिक उपायका विषयमा प्रस्तुति गर्नुभएको थियो ।

कार्यक्रममा त्रिवि अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. विष्णुप्रसाद पाण्डेले त्रिविका सबै सरोकारवाला निकायसँगको परामर्शमा गरिने आवश्यक नीतिगत निर्णयका आधारमा त्रिविलाई अन्तरराष्ट्रीयकरण गर्न विदेशी विद्यार्थीहरूले अध्ययन गर्ने वातावरण मिलाउनु पर्ने धारणा राख्नुभयो ।

# अंग्रेजी र समाजशास्त्रका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय डीनको कार्यालयले विभिन्न आंगिक क्याम्पस तथा केन्द्रीय विभागमा कार्यरत अंग्रेजी र समाजशास्त्रका शिक्षकहरूका लागि फागुन ४ देखि १० सम्म एक हप्ताको 'क्षमता अभिवृद्धि तालिम (Faculty Capacity Enhancement Training) सञ्चालन गरेको छ ।

पहुँच एवम् अवसर कम प्राप्त गरेका उपत्यका बाहिर अध्यापन गर्ने शिक्षकहरूलाई बढी संख्यामा समावेश गर्ने लक्ष्य राखेर भक्तपुरको पर्यटकीय नगरी नगरकोटस्थित रत्नागिरी रिसोर्टमा आयोजित आवासीय तालिमको उद्घाटन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले कक्षाकोठामा विद्यार्थीसँग निरन्तर साक्षात्कार गरी अध्यापन गर्ने कर्मठ र इमानदार शिक्षकहरू नै वास्तविक रूपमा त्रिविको भविष्यका संवाहक भएको उल्लेख गर्नुभयो । "यो क्षमता अभिवृद्धि तालिमबाट शिक्षणविधि, शैक्षिक सामग्री निर्माण, अनुसन्धान र प्रस्तुतिका विविध पक्षमा शिक्षकहरूमा महत्वपूर्ण सुधार हुने अपेक्षा गरेको छु । आगामी दिनमा पनि यस्ता क्षमता अभिवृद्धि तालिमका अवसरहरू उपलब्ध गराउने विश्वास दिलाउन चाहन्छु ।"

उद्घाटन कार्यक्रममा मानविकी तथा सामाजिकशास्त्र संकायका निमित्त डीन डा. बामदेव अधिकारीले तालिममा विभिन्न विषयगत विधाहरूमा अन्तरक्रिया हुने र अनुभव तथा प्राज्ञिक उपलब्धिहरू साटासाट हुने, नयाँ पाठ्यक्रमका आधारमा शैक्षिक गतिविधि अद्यावधिक गर्ने, विश्वपरिवेशमा देखिएका परिवर्तनलाई आत्मसात गर्दै गहिरो विश्लेषण हुने स्पष्ट गर्नुभयो । विश्वविद्यालय अनुदान आयोगको योजना अनुसन्धान तथा मूल्यांकन महाशाखाका निर्देशक केदार प्रसाद आचार्यले विश्व बैंकको आर्थिक सहयोगमा विश्वविद्यालयका

पाठ्यक्रम तथा शैक्षिक गतिविधिलाई श्रम बजारका आवश्यकता सम्बोधन गर्ने गरी निर्माण गर्न क्षमता विकास अभिवृद्धि तालिमका लागि अनुदान दिइएको जानकारी दिँदै भन्नुभयो, "यो तालिमले शिक्षकहरूलाई शिक्षणविधि, अनुसन्धानका क्षेत्रमा सिर्जनशील, नवप्रवर्तनात्मक र जीवनपर्यन्त सिकाइको अवधारणा अनुसार विकास गर्दै लैजाने अपेक्षा गरिएको छ ।"

कार्यक्रममा मानविकी तथा सामाजिकशास्त्र संकायका सहायक डीनद्वय डा. चिरञ्जिवी आचार्य र डा. खोमराज खरेल तथा अंग्रेजी केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. ध्रुव कार्की, समाजशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख डा. पासाङ शेर्पा एवम् तालिमको प्रस्तावलेखनमा संलग्न विज्ञ प्रा.डा. विनोद पोखरेलले शुभकामना व्यक्त गर्नुभयो ।

तालिममा अंग्रेजी विषयको सहजीकरण प्रा.डा. अनिरूद्र थापा, डा. बल बहादुर थापा, लक्ष्मण भट्ट, डा. खुमप्रसाद शर्मा, डा. शिव रिजाल, डा. हेमलाल पाण्डे, सहप्राध्यापक डा. तोयानाथ उपाध्याय, कुमार प्रसुन, रोशन तण्डुकार, प्रा.डा. जिवलाल सापकोटा, प्रा.डा. कृष्णचन्द्र शर्मा, डा. केशव सिग्देल, प्रा.डा. आनन्द शर्मा, प्रा.डा. ध्रुव कार्की, डा. राजु बराल र सहप्राध्यापक डा. अन्जु गुप्ताले गर्नुभएको थियो । त्यसैगरी समाजशास्त्र विषयको सहजीकरण प्रा.डा. चैतन्य मिश्र, प्रा. सुरेन्द्र मिश्र, डा. टिका गौतम, डा. गुमानसिंह खत्री, डा. केशव सिलवाल, प्रेम बहादुर चलाउने, डा. शम्भु प्रसाद कट्टेल, प्रा.डा. युवराज लुईंटेल, डा. पासाङ शेर्पा, डा. सुदीप नकर्मी, डा. दिपेश घिमिरे, विरेन्द्र शाह, भरत गुरूङ, प्रा.डा. पेशल खनाल, डा. नीति अर्याल, प्रा.डा. प्रेमसागर चापागाईंले गर्नुभएको थियो ।




*अंग्रेजी र समाजशास्त्र विषयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमका सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

# त्रिविको गण्डकी च्याप्टरमा कार्यप्रारम्भ

त्रिभुवन विश्वविद्यालयको रणनीतिक योजना तथा दृष्टिकोण अनुरूप त्रिविसभाबाट पारित गण्डकी प्रदेशस्थित आंगिक क्याम्पस पृथ्वीनारायण क्याम्पसलाई उपाधि प्रदान गर्ने त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्याल र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले संयुक्त रूपमा गर्नुभयो ।

गोष्ठीलाई सम्बोधन गर्दै उपकुलपति गरेर सेवा प्रवाह सुव्यवस्थित गर्ने योजनाबारे बताउनु भयो ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष अधिकारीले त्रिभुवन विश्वविद्यालयले उच्चशिक्षासँग सम्बन्धित सेवाप्रवाहलाई



*त्रिवि गण्डकी च्याप्टर निर्माण कार्यक्रमको उद्घाटन गर्दै विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा देवराज अधिकारी र त्रिवि उपकुलपति प्रा.डा. दिपक अर्याल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

संस्थामा रूपान्तरण गर्ने अवधारणामा अन्तरक्रिया गर्ने उद्देश्यले आयोजित गण्डकी कार्यशाला गोष्ठीले क्याम्पसको आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । त्रिविको समग्र पुनःसंरचना अभियानको एक हिस्सा मानिने गण्डकी च्याप्टर कार्यशालाको उद्घाटन फागुन ९ गते अर्यालले त्रिविको सेवा प्रवाहलाई सरलीकरण गर्ने, विद्यार्थीले प्राप्त गर्नुपर्ने सबै सेवा-सुविधालाई नजिकैबाट उपलब्ध गराउने, दीक्षान्त समारोहमा सबै विद्यार्थी उपस्थित हुने वातावरण निर्माण गर्ने, पाठ्यक्रम स्तरीकरण तथा परीक्षासम्बन्धी कामको अधिकार प्रत्यायोजन र मौजुदा ऐनको दायरामा रही नियम परिमार्जन व्यवस्थित गर्ने गण्डकी च्याप्टरको अवधारणा ल्याएकोमा खुशी व्यक्त गर्दै भन्नुभयो, "हामी सधैं विगतको अवस्थामा बसिरहन सक्दैनौं । दरवन्दी, परीक्षा, प्राविधिक पूर्वाधारका विषयमा अल्झिएर सेवाप्रवाहको सुधारबाट पछि हट्ने अवस्था छैन । त्रिवि पदाधिकारीहरूलाई परिवर्तन र रूपान्तरणका लागि आँट

गर्न आग्रह गर्दछु । समाज बदल्ने प्राध्यापकहरू निडर र आत्मविश्वासी बन्नुपर्दछ ।"

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले गण्डकी च्याप्टर मार्फत् ४० वर्षअघिको सपनालाई सार्थक बनाउन खोजिएको स्पष्ट गर्दै भन्नुभयो, "यस च्याप्टरले ऐनमा भएका प्रावधानकै आधारमा पृथ्वीनारायण क्याम्पसका माध्यमबाट प्राज्ञिक स्वायत्तताको अनुभूति गराउन, प्रशासनिक र शैक्षिक सेवाप्रवाहलाई व्यवस्थित बनाउन, विद्यार्थीलाई स्तरीय उच्चशिक्षा आर्जन गर्ने वातावरण मिलाउन र सबै शिक्षकलाई पाठ्यक्रम निर्माण तथा अनुसन्धान क्रियाकलापमा संलग्न गराउन काम गर्नेछ ।

त्रिविका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले स्तरीय उच्चशिक्षाका लागि गण्डकी च्याप्टरले उदाहरणीय काम गर्ने अपेक्षा व्यक्त गर्नुभयो । उहाँले गण्डकी प्रदेशका आंगिक क्याम्पसहरू सक्षम छन् र नेतृत्व गर्न सक्छन् भनेर नै भौतिक, राजनीतिक, कानुनी जटिलता हुँदाहुँदै पनि पृथ्वीनारायण क्याम्पसमार्फत् गण्डकी च्याप्टरको कार्य प्रारम्भ गरिएको स्पष्ट गर्नुभयो ।

विश्वविद्यालय अनुदान आयोगका सदस्य-सचिव प्रा.डा. ज्ञान बहादुर थापाले त्रिविको व्यवस्थापनका लागि दूरदर्शी निर्णय लिनुपर्ने विचार व्यक्त गर्दै देशभरी यस्तै केही च्याप्टर निर्माण गरेर अझ व्यवस्थित, प्रभावकारी र विश्वपरिवेश अनुकुल बनाउनु पर्ने भएकोले आजको दिनलाई ऐतिहासिक मानेर अघि बढ्न अनुरोध गर्नुभयो । उहाँको भनाइमा, भौतिक र मानवीय संसाधनमा समृद्ध त्रिविले उच्चशिक्षाको गुणस्तर र व्यवस्थापनमा कुनै सम्झौता नगरी संघीयताको मान्यता अनुरूप आफ्ना निकायलाई व्यवस्थित गर्नुपर्दछ ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. केशरजंग बरालले गण्डकी च्याप्टरको प्रारम्भसँगै पृथ्वीनारायण क्याम्पसमार्फत् कैयौं विद्यार्थीले सेवा-सुविधा प्राप्त गर्ने र पुरै गण्डकी प्रदेश लाभान्वीत हुने स्पष्ट गर्दै कार्यान्वयनका क्रममा पेशागत तथा दलीय आस्थामा विभक्त सरोकारवाला शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूबाट आउनसक्ने चुनौतीबारे पदाधिकारीहरूलाई अवगत गराउनु भयो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चुडामणी पौडेलले सेवाप्रवाहलाई व्यवस्थित गर्न अधिकार प्रत्यायोजन गरेर शैक्षिक प्रशासनलाई सरल, प्रभावकारी र व्यवस्थित बनाउन अनुरोध गर्नुभयो ।

नेपालको उच्च शिक्षालाई संघीय संरचनासँग जोडेर स्तरीय, पहुँचयोग्य र बजारमुखी बनाउने दिगो लक्ष्य राखेको उक्त कार्यशालामा गण्डकी च्याप्टर टास्कफोर्सका संयोजक प्रा.डा. लालु प्रसाद पौडेलले उच्चशिक्षाको स्थानीयकरण, बजारको आवश्यकता बमोजिम पाठ्यक्रम निर्माण, अध्ययन र अनुसन्धानको प्रभावकारी व्यवस्था, परीक्षा प्रणालीको सरलीकरण, प्रक्रियामुखी तथा झन्झटिलो शैक्षिक प्रशासनको प्रभावकारी सञ्चालन, उच्चशिक्षा अनुकुलको भौतिक पूर्वाधार निर्माण, मानवस्रोत व्यवस्थापनमा देखिएका व्यवधानहरूको समाधान, तालिम तथा क्षमता अभिवृद्धिमा देखिएका विभेद न्यूनीकरण र समग्र उच्चशिक्षा प्रक्रियाको व्यावहारिक विकेन्द्रीकरण गर्न महत्वपूर्ण प्रारम्भ हुने बताउनु भयो ।

उहाँले त्रिविले हाल भोगिरहेका प्राज्ञिक चुनौती, विश्वका ठूला विश्वविद्यालयहरूको समग्र व्यवस्थापन र त्रिविले लिनसक्ने आगामी गन्तव्य समेटिएको कार्यपत्र प्रस्तुत गर्दै भन्नुभयो, "गण्डकी च्याप्टरको आवधारणा अत्यन्तै महत्वपूर्ण र आवश्यक अवधारणा हो । गण्डकी प्रदेशमा सबैभन्दा बढी विद्यार्थी पृथ्वीनारायण क्याम्पसमा छन् । पोखरा आसपासका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा पनि विद्यार्थी धेरै भएकाले गण्डकी च्याप्टर औचित्यपूर्ण छ ।"

गोष्ठीमा पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख हरी प्रसाद पाठकले गण्डकी च्याप्टर निर्माणमा पृथ्वीनारायण क्याम्पसको भौतिक तथा मानवस्रोतको अवस्था, आर्थिक स्रोत व्यवस्थापन लगायत्का विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा व्यवस्थापन संकायका डीन प्रा.डा. महानन्द चालिसे, त्रि.वि कार्यकारी परिषदका सदस्य डा. जगतकृष्ण श्रेष्ठ, त्रिवि योजना निर्देशनालयका निर्देशक डा. लक्ष्मीकान्त शर्मा, त्रिविसभा तथा कार्यकारी परिषदको कार्यालयका प्रमुख नविन्द्र प्रसाद भण्डारी, शिक्षाध्यक्षको कार्यालयका प्रमुख गोविन्द थापा, रजिष्ट्रारको कार्यालयका प्रमुख कमल प्रसाद घिमिरे लगायत् गण्डकी प्रदेशका त्रिविका सातवटै आंगिक क्याम्पसका क्याम्पस प्रमुख, पृथ्वीनारायण क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूको उपस्थिति थियो ।

# त्रिविको विषयगत वरियतामा उल्लेखनीय सुधार

त्रिभुवन विश्वविद्यालयले विश्वका विश्वविद्यालयहरूको वरियता (World University Ranking)मा आएको सुधार र वरियतामा थप स्तरोन्नतिका लागि गरिएका प्रयत्नहरूबारे जानकारी दिने उद्देश्यले फागुन १३ मा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्यालले विश्ववरियतामा थप सुधार गर्न अनुसन्धानमा लगानी वृद्धि गर्ने, उद्धरणको प्रभाव बढाउने, अन्तरराष्ट्रिय सहकार्यलाई प्राथमिकता दिने, शिक्षण वातावरणमा आधुनिकीकरण गर्ने, उद्योगहरूसँगको सहकार्य बढाउने र डिजिटल उपस्थितिलाई मजबुत बनाउने प्रतिबद्धता जनाउनु भयो ।

नेपालको सबैभन्दा ठूलो र पुरानो उच्च शिक्षण संस्था त्रिभुवन विश्वविद्यालयले यो वर्ष Times Higher Education (THE) को World University Ranking मा १५०१+ समूहमा, USNews.com को वरियतामा ९१९ औं र Center for World University Ranking (CWUR) मा १६५७ औं स्थान प्राप्त गरेको छ । CWUR का अनुसार त्रि.वि. विश्वका शीर्ष ७.८ प्रतिशत विश्वविद्यालयमध्ये पर्न सफल भएको छ, जुन गत वर्षको भन्दा ८.३ प्रतिशतले सुधार भएको हो ।

विश्वका प्रतिष्ठित र्‍यकिङ प्रणालीहरू THE, USNews.com / CWUR ले फरक-फरक मापदण्ड अपनाउने भएकाले एउटै विश्वविद्यालय पनि फरक-फरक स्थानमा आएको छ । THE ले शिक्षण वातावरण, अनुसन्धान गुणस्तर, उद्योगसँग सहकार्य र अन्तरराष्ट्रियकरणलाई, USNews.com ले अनुसन्धान प्रतिष्ठा, प्रकाशन, सम्मेलन र उद्धरण प्रभावलाई तथा CWUR ले पूर्व विद्यार्थीहरूको सफलता, प्राध्यापकहरूको विशिष्टता र अनुसन्धानलाई आधार मान्ने




*त्रिविको विश्ववरियताको बारेमा आयोजित पत्रकार सम्मेलनमा सहभागी त्रिवि उपकुलपति लगायत ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

गरेका छन् । यस्ता फरक मापदण्डले त्रिविको बहुआयामिक क्षमताको मूल्याङ्कन गरेको र सुधारका क्षेत्र पहिचान गर्न सहयोग पुऱ्याएको त्रिभुवन विश्वविद्यालयले विश्वका विश्वविद्यालयहरूको वरियताक्रम World University Ranking का लागि गठन गरेको समितिका संयोजक भौतिकशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. नारायण प्रसाद अधिकारीले बताउनु भयो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले वैश्विक छवि र वरियतामा उल्लेखनीय प्रगति गरेको त्रिविले विषयगत वरियतामा, खासगरी चिकित्सा शिक्षाको वरियतामा, उत्कृष्ट प्रदर्शन गरेको उल्लेख गर्नुभयो । "मेडिसिन र हेल्थ विषयमा त्रिविको वरियता संसारका विश्वविद्यालयहरूबीच ६०१ नम्बरमा छ", उहाँले भन्नुभयो, "यो भनेको भारतका आधा दर्जनबाहेक अन्य विश्वविद्यालयहरूको भन्दा उत्कृष्ट हो । यो उपलब्धिबाट त्रिविले स्वदेशमै स्तरीय चिकित्सा शिक्षाको सम्भावना प्रमाणित गरेको छ ।" कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले त्रिविप्रति विद्यार्थीहरूको आकर्षण बढिरहेको उल्लेख गर्दै भन्नुभयो, "नेपाली विद्यार्थीहरू त्रिविभन्दा कम स्तर र वरियताका विश्वविद्यालयमा पनि अध्ययन गर्न विदेशिने गरेकाले सरकारले त्रिविभन्दा कम वरियताका विश्वविद्यालयहरूका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' (NOC) दिन बन्द गर्नुपर्दछ ।"

त्रिविले विश्वविद्यालयको मूल्याङ्कनलाई विद्यार्थी संख्याबाट मात्रै नभई स्तरीय अनुसन्धान, शिक्षण, अन्तरराष्ट्रिय प्रतिस्पर्धा र सामाजिक प्रभाव एवम् योगदानबाट निर्धारण गर्ने मान्यता राख्दै पर्याप्त लगानी, रणनीतिक योजना र अन्तरराष्ट्रिय सहकार्यलाई प्राथमिकतामा राखेर आगामी वर्षहरूमा विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूको सूचीमा गरिमामय स्थान हासील गर्ने लक्ष्य लिएको छ । विश्वविद्यालयको वैश्विक छवि र वरियताले त्रिवि सुधारात्मक दिशातर्फ अघि बढिरहेको संकेत गरेको पृष्ठभूमिमा आयोजित पत्रकार भेटघाटमा त्रिवि नेतृत्वले आगामी दिनहरूमा अध्ययन–अनुसन्धानको गुणस्तर, अन्तरराष्ट्रिय प्रतिस्पर्धा र पूर्वाधारको सुधार एवम् परिमार्जनमा केन्द्रित हुने प्रतिबद्धता जनाएको छ ।

## मानविकी तथा सामाजिकशास्त्र संकायको विद्यापरिषद् बैठक

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायको विद्यापरिषदको पूर्ण बैठक फागुन २८ गते सम्पन्न भएको छ । बैठकमा विद्यापरिषदको स्थायी समितिले २०८१ पुस ४ देखि २०८२ बैशाख ४ सम्म गरेका २३ वटा पाठ्यक्रम परिमार्जन, क्याम्पस नवीकरण, नयाँ शैक्षिक कार्यक्रम, क्याम्पसको नाम र ठेगाना परिवर्तन लगायत्का नियमित र महोत्तरी, वर्दिवासस्थित नवक्षितिज कलेजको सम्बन्धन खारेज गर्ने एवम् रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्गलाई आमसञ्चार तथा पत्रकारिता र सरस्वती क्याम्पस ठमेललाई राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको अध्यापन अनुमति प्रदान गर्ने निर्णय अनुमोदन गरिएको छ ।

बैठकलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले त्रिवि अन्तरगतका सबै निकाय प्रमुखहरूको सक्रियतामा पूर्वाधार निर्माण र मर्मतसम्भार, कक्षाकोठामा आवश्यक उपयुक्त फर्निचर जडान, सरसफाइ र शैक्षिक उपकरण व्यवस्थापन तीब्र रूपमा गरिने बताउनु भयो । आवश्यक शैक्षिक तथा विद्युतीय पूर्वाधार र शैक्षिक सामाग्री तथा विधि तय गरेर मात्रै अनलाइन कक्षा सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले भन्नुभयो, "मानविकी तथा समाजिकशास्त्र संकाय अन्तरगतका त्रिविका शैक्षिक संस्था तथा निकायहरूलाई नियतवश सिर्जना गरिने व्यवधानसँग विचलित नभई आ–आफ्ना निकायको क्षमता विस्तार, सबलीकरण र विषयको आकर्षण बढाउने प्रयत्न गर्न अनुरोध गर्दछु । हामीले संस्थागत सुशासनका लागि जवाफदेहिता बढाउँदै सुधारात्मक कार्यलाई प्राथमिकता दिनुपर्दछ ।"

विद्यापरिषदको बैठकमा मानविकी तथा सामाजिकशास्त्र संकायका डीन प्रा.डा. दुविनन्द ढकालले विभिन्न समयमा भएका विद्यापरिषद स्थायी समिति बैठकका निर्णयहरूबारे जानकारी गराउनु भयो । मानविकी तथा सामाजिकशास्त्र संकायलाई अझ प्रभावकारी बनाउने प्रयत्नस्वरूप भएका क्रियाकलापहरूबारे पूर्ण बैठकलाई जानकारी दिँदै सहायक डीन डा. बामदेव

अधिकारीले भन्नुभयो, "आगामी वर्षदेखि संस्कृत विषयमा विद्यावारिधि उपाधि प्रदान गरिँदैछ । आमसञ्चार तथा पत्रकारितामा रङ्गमन्च कार्यक्रम सञ्चालन हुनलागेको छ । सयदिनसम्ममा सबै परीक्षाको नतिजा प्रकाशित भएको छ । प्राध्यापक क्षमता अभिवृद्धि तालिम सफलताका साथ सञ्चालन भएको छ । आर्थिक वर्ष २०८१/०८२ मा १५ विषयमा ४८ जनालाई विद्यावारिधि उपाधि प्रदान गरिएको छ । त्रिविका ३० वटा आंगिक क्याम्पस र ३२५ वटा सम्बन्धनप्राप्त क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायअन्तरगतका कार्यक्रमहरू संचालन गरिएको छ । संकायअन्तरगतका २६ वटा केन्द्रीय विभागमा ५२३८ विद्यार्थी अध्ययनरत छन् । १२५ क्याम्पसमा सञ्चालित बिसिए कार्यक्रममा ४००० विद्यार्थी भर्ना भएका छन् ।"

विद्यापरिषदको बैठकमा सामुदायिक क्याम्पसहरूको प्रतिनिधित्व गर्दै शहिदस्मारक कलेज कीर्तिपुरका क्याम्पस प्रमुख मिलनमान महर्जन, बीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका क्याम्पस प्रमुख डा. प्रेमसागर भण्डारी, पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख डा. लीला न्याईंच्याईंले मानविकी तथा सामाजिकशास्त्र संकायको सुधार, विषयहरूको सान्दर्भिकता लगायत्का विषयमा सुझाव दिनुभएको थियो ।




*मानविकी तथा सामाजिकशास्त्र संकायको विद्यापरिषदको पूर्ण बैठकलाई सम्वोधन गर्दै रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

**प्रकाशक** : त्रिभुवन विश्वविद्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, फोन नं. ४३३०३४६
**इमेल** : info@tu.edu.np
**वेबसाइट** : www.tu.edu.np
**सम्पादक** : लिल्ली थापा क्षेत्री
**सम्वाददाता** : कृष्णप्रसाद वस्ताकोटी
**कम्प्युटर डिजाइन** : सरोज महर्जन
**मुद्रक** : त्रिवि छापाखाना, कीर्तिपुर